## नेपाल स्टक एक्सचेन्ज लिमिटेड

## सिंहदरबार प्लाजा, काठमाण्डौं ।

### मिति २०६४/८/१४ गते शुक्रवार देखि २०६४/८/२० गते विहीवार सम्मको कारोबार

यस साता नेपाल स्टक एक्सचेन्जमा ५४ कम्पनीहरुको कारोबार भएको छ । जस अनुसार २१४० कारोवारबाट ६९ करोड २७ लाख ३२ हजार रुपैयाँ बराबरका ६ लाख ३२ हजार ८ सय ८७ कित्ता शेयरहरु खरिदविक्री भएका छन । कारोबार रकममा गत साताको तुलनामा ६.७३ प्रतिशतले कमी आएको हो । गत साता २३९२ शेयर कारोवारबाट ७४ करोड २७ लाख ८५ हजार रुपैयाँ बराबरका ८ लाख ९९ हजार ९ सय ३८ कित्ता शेयरहरु खरिदविक्री भएका थिए ।

कुल कारोवारमध्ये ‘क’ बर्गका कम्पनीहरुको मात्र ४३ करोड ७८ लाख रुपैयाँ बराबरको कारोवार भएको छ । यो कुल कारोबारको ६३.२० प्रतिशत हो ।

साताको नेप्से परिसूचक पहिलो दिनको तुलनामा ७०.३७ अंकले वृद्धि भई अन्तिम दिन ९९२.८१ विन्दुमा पुगेको छ ।

यसैगरी समूहगत परिसूचकहरुको उतारचढाव यस प्रकार रहेको छ ।

तालिका : १ साताका सूचकाङ्कहरु

| समूह / दिन | वाणिज्य वैंक | उत्पादन मूलक | होटल | अन्य | जलविद्युत | व्यापार | बीमा | वित्त | विकास वैंक | नेप्से इन्डेक्स | सेन्सेटिभ इन्डेक्स |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिलो | ९८१.५१ | ३५०.१९ | २८१.१४ | ८१८.१२ | १३९५.८६ | १६२.३२ | ८२४.४० | ७९७.७४ | १३११.७९ | ९२२.४४ | २४४.१२ |
| दोस्रो | १००१.८३ | ३५०.१९ | २८२.६९ | ८१८.१२ | १४४३.२१ | १६५.२० | ८५१.४७ | ८१६.०९ | १३४७.१६ | ९४२.९९ | २४९.७८ |
| तेस्रो | १०२५.०७ | ३५०.१९ | २८३.१६ | ८१८.१२ | १४६१.४० | १६५.२० | ८६७.७१ | ८३०.७५ | १४०५.३५ | ९६३.७९ | २५४.७९ |
| चौथो | १०३७.१३ | ३५०.१९ | २८३.५४ | ८१८.१२ | १४७७.८८ | १६५.२० | ८६५.५३ | ८४७.४५ | १४१४.७२ | ९७४.४१ | २५६.७२ |
| पाचौं | १०५६.१८ | ३५०.१९ | २८३.१६ | ८१८.१२ | १४६९.४३ | १६५.२० | ८७२.६० | ८७३.८९ | १५०९.८८ | ९९२.८१ | २६०.९७ |
| परिवर्तन (अंकमा) | ७४.६७ | ०.०० | २.०२ | ०.०० | ७३.५७ | २.८८ | ४८.२० | ७६.१५ | १९८.०८ | ७०.३७ | १६.८५ |

‘क’ वर्गका कम्पनीहरुको कारोवार मापन गर्ने सेन्सेटिभ इन्डेक्स १६.८५ अंकले वृद्धि भई २६०.९७ अंकमा आईपुगेको छ ।

यस साता कारोबार रकम (७ करोड ५१ लाख रुपैयाँ) मा बुटवल पावर कम्पनी तथा शेयर संख्या (१ लाख ५९ हजार एक यस ४० कित्ता) को आधारमा नेशनल हाइड्रो पावर कम्पनी अग्रस्थानमा रहेका छन । कारोवार संख्या (३१६) को आधारमा अन्नपूर्ण  विकास बैंक अग्रस्थानमा रहेको छ ।

तालिका : २, कारोवार रकमका आधारमा साताका उत्कृष्ठ ५ कम्पनीहरु :

| क्रम संख्या | कम्पनीको नाम | कारोवार रकम (रु. दशलाखमा) |
|---|---|---|
| १ | बुटवल पावर कम्पनी | ७५.०१ |
| २ | चिलिमे हाइड्रो पावर कम्पनी | ६४.९४ |
| ३ | नेपाल बंगलादेश बैंक | ५५.९२ |
| ४ | किष्ट मर्चेण्ट बैंकिग एण्ड फाइनान्स | ५५.०० |
| ५ | नेशनल हाइड्रो पावर कम्पनी | ५२.६२ |

## सूचिकरण

यस साता सूचिकरण तर्फ सरकारी ऋणपत्र रु.९० करोडको विकास ऋणपत्र २०७६ “क” सूचिकृत भएको छ ।

यस साता नेपाल स्टक एक्सचेन्जको कारोबार कक्ष नियमित कारोबारका लागि ५ दिन खुला रह्यो । यस साता पनि सरकारी तथा संस्थागत ऋणपत्र तर्फ कुनै पनि कारोवार भएन ।